# अग्नि महाकाव्यमा दलित सन्दर्भ

**पुष्करनाथ रिजाल, विद्यावारिधि**

उपप्राध्यापक, मानविकी तथा सामाजिकशास्त्र सङ्काय

म.प.वि., वागेश्वरी बहुमुखी क्याम्पस, बाँके

Email : puskarrijal38@gmail.com

**सारसङ्क्षेप**

प्रस्तुत लेखमा कवि नवराज लम्सालद्वारा रचित अग्नि महाकाव्यमा पाइने दलित सन्दर्भहरूलाई पहिल्याउने उद्देश्य राखिएको छ। यसका लागि साहित्यमा पछिल्लो समयमा विकसित दलित सौन्दर्यशास्त्र र माक्र्सवादी दृष्किोणलाई सैद्धान्तिक आधार बनाइएको छ। नेपाली समाजको हिन्दू ब्राह्मणवादी संरचनाका कारण सदियौँदेखि दलित समुदाय पीडित बन्दै आएका छन्। अग्नि महाकाव्यमा हिन्दू वर्णव्यवस्थाले दलितहरूलाई तल्लो र अछुत वर्गमा राखेको, हरेक राष्ट्रिय विषयमा दलितको सहभागिता रहे पनि उनीहरूको कुनै मूल्याङ्कन नभएको, दलित समुदायका मानिसको जीवन निकै नै सङ्घर्षपूर्ण रहेको, सामाजिक असुरक्षाकै कारण दलित समुदाय बसाइँ सर्नुपरेको, राज्यका नजरमा दलित समुदाय कहिल्यै नपरेको सन्दर्भहरूलाई उठाइएको छ। यसका साथै दलित संस्कृति प्रतिष्ठा, दलित नारी र बालबालिकाका सवाललाई समेत गम्भीर किसिमले उठाइएको महाकाव्यमा मानवतावादी दृष्टिकोण प्रस्तुत गरिएको छ। आरन चलाई गुजारा गर्ने दलित समुदायका ठुले, छेलाङीजस्ता पात्रलाई नायकका रूपमा स्थापित गरी दलित हक अधिकार प्राप्ति र दलित मुक्तिको चाहना राख्नु नै अग्नि महाकाव्यको मर्म रहेको छ। इतिहासका विभिन्न कालखण्डमा शासक वर्गका सहायक भई काम गर्ने समाजका कर्मशील श्रमजीवी, गरिब, दलित, वर्गको योगदानको भने कतै उल्लेख नहुने तितो यथार्थलाई विषयवस्तु बनाई लेखिएको अग्नि दलित मुद्दालाई निकै सशक्त ढङ्गले उठान गरिएको काव्य हो। आफ्नै देशले नचिन्ने हुँदा अनागरिकजस्तो असुरक्षित जीवन बिताउँदै आएका दलित समुदायको हक अधिकारको सुरक्षा र ब्राह्मणवादी सोंचबाट जकडिएको समाजबाट मुक्तिको आवाज बुलन्द गरिएकाले दलित सन्दर्भ तथा माक्र्सवादी सौन्दर्यशास्त्रका हिसाबले अग्नि उत्कृष्ट महाकाव्यका रूपमा रहेको छ।

**शब्दकुञ्जी :** छुवाछुत, दलितमुक्ति, ब्राह्मणवाद, वर्णव्यवस्था, शुद्र,

## विषयपरिचय

नवराज लम्साल नेपाली कविता–काव्यका क्षेत्रमा परिचत नाम हो। यिनका काव्यले सीमान्तकृत, दलित तथा राज्यको मूल प्रवाहमा नपरेका वर्ग र पात्रका मुद्दा विषय बनाई महत्त्वका साथ उठाएका हुन्छन्। नेपालको समकालीन समाज, सन्दर्भ र चेतनाको जगमा पूर्वीय दर्शन र मिथकलाई हेर्ने लम्सालका महाकाव्यमा मानवतावाद नै मूल स्वरका रूपमा आएको हुन्छ। इतिहास लेखनको परम्परित ढाँचा र व्याख्यामा असहमति जनाउने लम्साल इतिहासका नलेखिएका पाटा खोतल्न बढी रुचि राख्दछन्। यिनका रचनामा बौद्धिक एवम् तार्किक शैली पाइन्छ। नेपाली भाषामा थुप्रै कविता रचना गरेका लम्सालका कर्ण (२०६६), धरा (२०७३) र अग्नि (२०७८) गरी तीनवटा महाकाव्य, केही कविता सङ्ग्रह, गीत सङ्ग्रहलगायतका कृति प्रकाशित छन्। समाजमा दलितमाथि हुने अनेक किसिमका शोषणलाई चित्रण गर्दै यिनको अग्नि महाकाव्यमा त्यसको विरोध गरिएको छ। यस काव्यमा निम्न वर्गका गरिब र दलित समुदायका मानिसको उपयोग गरी शासन चलाउने शासक वर्गप्रति आक्रोश व्यक्त गरिएको छ।

इतिहासमा शासक वर्गका सहायक भई काम गर्ने समाजका कर्मशील श्रमजीवी, गरिब, दलित, वर्गको योगदानको भने कतै उल्लेख नहुने तितो यथार्थलाई विषयवस्तु बनाई लेखिएको अग्नि महाकाव्यमा दलित मुद्दालाई निकै सशक्त ढङ्गले उठान गरेको देखिन्छ । नेपाल राज्य एकीकरण समयको मकवानपुरको सेनवंशी शासन, शासकहरूको मनोवृत्ति, जेठी तरबार बनाउने ठुले कामी, छेलाडीजस्ता आरन गरेर जीवन धान्नु पर्ने पात्रहरूको पुस्तौँदेखिको दीन हीन र भयपूर्ण अवस्था, जीवनका अनेक बाध्यतालाई यसमा देखाइएको छ । वर्तमान समयसम्म पनि दलितहरूलाई राज्य र समाजले गर्ने असमान व्यवहारलाई अग्नि महाकाव्यमा देखाइएको छ । प्रस्तुत अध्ययनमा अग्नि महाकाव्यमा के कस्ता दलित सन्दर्भको प्रस्तुति पाइन्छ ? दलित मुक्तिको आवाज कसरी उठान भएको छ ? भन्ने प्रश्नलाई समस्याका रूपमा उठान गरी यस महाकाव्यमा पाइने दलित सन्दर्भहरू पहिल्याउने तथा दलित मुक्तिका लागि उठाइएका आवाजको निक्र्यौल गर्ने उद्देश्य राखिएको छ ।

महाकाव्यमा सृष्टिक्रमदेखि नै दलितहरूका कर्म महिमामय रहँदै आएको भए पनि दलितहरू समाजमा सधैँ अपहेलित र पीडित बन्दै आएको विषयलाई प्रस्तुत गरिएको छ । मकवानपुरको सेनराज्य कालको स्थान र समयगत परिवेशमा लेखिएको भए पनि यसमा सबै युगका दलित समुदायको जीवनभोगाइका विविध सन्दर्भलाई उठान गरिएको छ । यस अध्ययनमा नेपालमा वर्णव्यवस्थाले दलितहरूको जनजीवनका विविध पक्षहरूमा पारेको प्रभावका र त्यसले कष्टकर बनेको जीवन भोगाइका सन्दर्भलाई अग्नि महाकाव्यका साक्ष्यहरूका आधारमा विश्लेषण गरी देखाइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेख गुणात्मक ढाँचाको लेख हो । यो लेख पछिल्लो समयमा साहित्यमा महत्त्वका साथ हेरिएको दलित सन्दर्भसँग सम्बन्धित रहेको छ । यसमा कृतिबाट प्राप्त तथ्यहरूको समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । अध्ययनका लागि नवराज लम्सालका महाकाव्यहरू मध्ये अग्नि महाकाव्यलाई नमुनाका रूपमा लिई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । यसका साथै द्वितीयक स्रोतका रूपमा दलित सौन्दर्यशास्त्रसम्बन्धी पुस्तक तथा लेखलाई समेत उपयोग गरिएको छ । यो लेख मूलतः दलित सौन्दर्यशास्त्रमा आधारित रहेकाले स्वाभाविक किसिमले दलित शब्दसँग जोडिएर सामाजिक, आर्थिक, जातीय, सांस्कृतिक सन्दर्भहरू पनि आएका छन् । लेखमा माक्र्सवादी समाजशास्त्रीय अध्ययन पद्धतिअन्तर्गत रही ऐतिहासिक र विश्लेषणात्मक विधिको यथोचित प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

नेपालमा वर्णव्यवस्थाको प्रभाव सामाजिक जीवन र शासन प्रणालीमा समेत लामो समयदेखि परेको छ । हिन्दू वर्णाश्रम व्यवस्थामा जातीयताका आधारमा कामको बाँडफाँड गरिएको देखिन्छ । वर्णव्यवस्थामा रहेका ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रमध्ये सबैभन्दा तल पारिएका शूद्र जातिका मानिसलाई दलित शब्दले जनाउँछ । समय बित्दै जाँदा समाजले दलित समुदायलाई पानी नचल्ने अछुत भन्ने बनाइदिएका कारण समाजमा उँच र निच, छुत र अछुत जस्ता सामाजिक विभेदको सिर्जना समेत गरेको छ । दलित सौन्दर्यशास्त्र समाजमा दलित समुदायप्रति गरिने अमर्यादित, अत्यन्तै घृणित दुव्र्यवहारको विरोध गरी दलित मुक्तिको आन्दोलनका रूपमा पछिल्लो समयमा साहित्यमा स्थापित चिन्तन प्रणाली हो । समाजमा विद्यमान परम्परागत सोच र व्यावहारको कुरूप चित्र प्रस्तुत गर्दै परिवर्तन समानता र न्यायको आवाज उठाउनु दलित आन्दोलनको प्रमुख उद्देश्य हो । 'दलितले वर्षौंदेखि भोग्दै आएका विभेद, शोषण, उत्पीडन र अमानवीय व्यवहारका विरुद्ध प्रतिरोधको आवाज उठाइएको साहित्य नै दलित साहित्य हो' (श्रेष्ठ, २०८१, पृ.५१) । युगौंदेखि कायम रहेको विभेदकारी सामाजिक व्यवहारले दलितहरू तेस्रो दर्जाको नागरिकका रूपमा जीवनयापन गर्न बाध्य भएका छन् । नेपाल भारत लगायतका देशमा अझै पनि उच्च जातका मानिसले दलितलाई हेर्ने दृष्टिकोण फरक र विभेदपूर्ण रहेको छ । त्यसो त दलितभित्रै पनि छुवाछुत र उँच–निचको भावना विकराल रूपमा रहेको छ ।

दलित आन्दोलन पश्चिमी जगतको देन मानिन्छ। खास गरी रुस, अफ्रिका तथा अमेरिकाजस्ता देशहरूमा विशेषतः काला र गोराका बिच गरिने विभेदकै कारण दलित आन्दोलनको बीजाधान भएको मान्न सकिन्छ (निरौला, सन् २०१९, पृ. २)। पछिल्लो समयमा दलित आन्दोलन र दलित मुक्तिको आवाज विश्वभरि नै उठेको छ। भारतीय समाजमा भीम राव अम्बेडकरले दलित पहिचान र अधिकारको खोजी गर्दै मुक्ति आन्दोलनलाई संस्थागत गरे। यसको प्रभाव साहित्य तथा राजनीतिमा पनि देखिएको छ। नेपाली समाजमा चलेको दलित आन्दोलन भारतीय उपमाहद्वीपकै देनका रूपमा रहेको विशिष्ट किसिमको आन्दोलन भए पनि यसमा केही मौलिकतासमेत रहेका छन्। नेपाली समाज र साहित्यमा पहाडी दलितका विषय र समस्याको उल्लेख पहिलेदेखि नै हँदै आए पनि लेखनको मूलधारका रूपमा आएको थिएन। केही वर्ष यता सन् २००० को सिनो आन्दोलन वा चमार आन्दोलन, माओवादी जनयुद्ध (सन् १९९६–२००६) र मधेश आन्दोलन (सन् २००७) ले राज्यबाट उपेक्षित समूहका पीडाको उत्खनन् गरे र उनीहरूका आवाजलाई अग्रस्थानमा ल्याए। ऋषिराज बराल, इस्माली, घनश्याम ढकाल र सनत रेग्मीले मधेशी दलितका दुरावस्थालाई विषय बनाए' (सुवाल, २०६९, पृ.१३)। पछिल्लो समयमा दलित सन्दर्भले साहित्यको मूलधारमा महत्त्व पाउँदै आएको छ। त्यसो त दलित लेखकले लेखेको दलित मुद्दा रहेको साहित्य महत्त्वपूर्ण हो वा गैरदलितले लेखेको दलितसम्बन्धी साहित्यलाई पनि त्यसै कोटिमा हेर्न सकिन्छ ! भन्ने बहस पनि चलेको देखिन्छ। दलित साहित्यका सम्बन्धमा कसले लेख्यो ? र के सन्देश दियो भन्ने विषय महत्त्वपूर्ण बनेको छ।

दलित आन्दोलनका पनि अनेक ढाँचा र स्वरूप पाइन्छन्। यस आन्दोलनका विभिन्न मान्यताहरू मध्ये माक्र्सवादी मान्यता विशेष प्रभावकारी देखिएको छ। माक्र्सवादी मान्यतामा समाजलाई वर्गीय दृष्टिबाट हेरिन्छ। समाजमा उच्चवर्ग र जातिले निम्नवर्ग तथा जातिलाई गर्ने अन्याय, अत्याचार, शोषण, दमन आदिका विरुद्ध आवाज उठाउने र विभेदरहित समुन्नत समाज निर्माणमा जोड दिनु माक्र्सवादी साहित्यको मूल विशेषता हो। यस मान्यताअनुसार राज्यका विभेदपूर्ण नीति र व्यवस्थाको विरोध गरी निम्न÷दलित वर्गको न्यायको आवाज बुलन्द गरिएको हुन्छ। पुँजीवादी समाज व्यवस्थामा सामन्त वर्गबाट मजदुर वर्ग शोषित बन्न थाले। दलित वर्ग चाहिँ राज्य र सामन्तवादी वर्णव्यवस्थाको कारण युगौँदेखि पिल्सिँदै आएको सन्दर्भलाई दलित आन्दोलनका माक्र्सवादी कलाचिन्तकहरूले गम्भीरताका साथ उठाएका छन्। 'हिन्दू वर्ण व्यवस्थाको विरोध, सामाजिक तथा सांस्कृतिक उत्पीडनको विरोध, स्वतन्त्रता, समानता र बन्धुत्वको भावना, श्रम शोषणको विरोध, दलित नायकत्वको स्थापना, आदि दलित साहित्यका आधारभूत मान्यता हुन्' (श्रेष्ठ, २०८१, पृ.५१)। प्रस्तुत लेखमा अग्नि महाकाव्यमा शासकको सामन्ती मनोवृत्तिको मारमा परेका छेलाङी, ठुले कामीजस्ता पात्रलाई नायकका रूपमा स्थापित गरिएको हुँदा कृतिको विश्लेषणमा माक्र्सवादी सौन्दर्यशास्त्रले निर्देशन गरेका सिद्धान्तहरूलाई आधार बनाइएको छ।

## छलफल र विश्लेषण

नेपाली समाजमा हिन्दू वर्णव्यवस्थाको गहिरो प्रभाव परेको छ। यस व्यवस्थाले समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी मूल चार वर्ण र अनेक जातजातिमा विभाजन गरेको देखिन्छ। मनुको पालामा सुरु भएको यो व्यवस्थालाई मल्लकालीन राजा जयस्थिति मल्ल र अन्य पछिल्ला राजा महाराजाले समेत निरन्तरता दिँदै कामसँग जोडेर हेरेको देखिन्छ। आधुनिक कालमा पनि हाम्रो समाजमा वर्णव्यवस्थाले दैनिक जनजीवनलाई प्रभावित पार्दै आएको छ। वर्णव्यवस्थाले समाजमा कसैलाई उच्च जातको र कसैलाई अछुत जातको भनी विभेद गरेको देखिन्छ। जन्मजात रूपमै कोही पवित्र वर्गको भनी सम्मानित नजरले हेरिने र कोही तल्लो वर्गको र अपवित्र मानी छोइछिटो गर्ने अवस्था हाम्रो समाजमा अहिले पनि छ। संविधानतः यस्तो विभेध दण्डनीय छ। दलित आन्दोलनले मूलतः यही विभेदकारी सामाजिक व्यवस्थाको अन्त्यका लागि आवाज उठाउँदै आएको छ।

अग्नि महाकाव्यमा समयगत परिवेश मूलतः नेपालको एकीकरणताकको ऐतिहासिक सन्दर्भ रहेको छ। त्यतिबेला शक्तिशाली मानिएको मकवानपुर राज्यको सेन वंशको शासनशैली, राज्यशक्तिकै प्रतीकका रूपमा जेठी तरबार निर्माण र सिद्धिको

सन्दर्भ, तत्कालीन समाज, संस्कृति, समाजको आर्थिक अवस्था, राजनीतिले पारेको प्रभाव, गोरखा राज्यसँग मकवानपुरको सम्बन्ध आदि विषयलाई देखाइएको छ । आरन गरी समाज र राज्यको सेवा गर्ने दलित समुदायका मानिसको स्वाभिमान, उनीहरूमाथि राज्यबाट हुने आदेश, फर्मान, त्यसबाट उत्पन्न भय, त्रास र दयनीय अवस्थालाई महाकाव्यमा मार्मिक र गम्भीरताका साथ उठान गरिएको छ । यसमा हाम्रो समाजमा पाइने दलिततमाथिको शोषणप्रति विद्रोह, ब्राह्मणवादी चिन्तनको विरोध, छुवाछुत प्रथा, शोषण दमन, दलितहरूको आफ्नो प्रतिष्ठा, अधिकारको खोजी, अन्धविश्वासजस्ता दलित सन्दर्भहरू पाइन्छन् । यी विभिन्न दलित सन्दर्भहरूलाई विभिन्न उपशीर्षकका रूपमा यहाँ क्रमशः प्रस्तुत गरिएको छ ।

### १. दलितमाथि हुने शोषणको विरोध

दलित मुक्ति आन्दोलनका सन्दर्भमा यथास्थितिको विरोध र प्रगतिवादी चिन्तनले महत्त्वपूर्ण अर्थ राखेको पाइन्छ । यो चिन्तन मूलतः माक्र्सवादी साहित्य चिन्तनमा आधारित मान्यता हो । माक्र्सवादी सौन्दर्य चिन्तनमा समाजको वर्गीय व्यवस्था र वर्गद्वन्द्वको अवस्थालाई महत्त्वका साथ हेरिएको हुन्छ । समाजमा रहेको दलित र गैरदलित भन्ने विभेदपूर्ण ढाँचाले दलितहरूको उन्नति प्रगतिमा बाधा उत्पन्न गर्ने कुरा दलित अध्ययनका सन्दर्भमा महत्त्वका साथ उठाइन्छ । अग्नि महाकाव्यका सर्जक नवराज लम्साल गैरदलित उच्च ब्राह्मण परिवारमा जन्मे हुर्केका कवि हुन् । उनको चेतना भने दलित अधिकार र दलित मुक्तिको पक्षमा देखिन्छ । समाजमा दलित वर्गमाथि अनेक किसिमका शोषण र दमन हुने सन्दर्भलाई यस महाकाव्यमा देखाइएको छ । दलितको नाम भजाएर आफ्नो दुनो सोझो पार्ने र युगौँदेखि दलितहरूमाथि शोषण गर्ने प्रवृत्तिलाई सङ्केत गर्दै आफ्नो आरनमा पुगेको कविलाई छेलाङी भन्छ :

उः हेर्नुस् त !
माऽथि देख्नु भो अग्लो डाँडो ?
आकाशै छोए छोएजस्तो
काखैमा कैलाश जस्तो !

त्यही छिरलिँदो बस्तीको
थुम्क्याइलो थली हो
मकवानपुर राज्यको अवशेष

र त्यहीँ पारिपट्टि हो
ठुले कामीले जेठी तरबार बनाएको !

र, त्यहीँबाट बसाइँ झरेका हौँ हामी
यता भित्री मधेशतिर !

दुई हातमा लिएर हेला र उपेक्षा
पाउले कुल्चेर तिरस्कार
जीवनको परिष्कार खोज्न झरेका हौँ यता !

उतै छोड्यौँ
पुख्र्यौली अस्तु र सालनाल
उतै छोड्यौँ

न्वारनको भोटो
र प}लापटक रातो फलाम पिटेको
मुङ्ग्रे घनको काठे बिँड। (अग्नि , पृः २१)

यस उद्धरणमा छेलाङीले कैलाशजस्तै पवित्र र प्यारो जन्मभूमि छाडेर आफ्ना पुर्खाले मधेशतिर बसाइँ सर्नुको कारण स्पष्ट पारेका छन्। मकवानपुर राज्यमा दलित समुदायका छेलाङीजस्ता मानिसहरूले समाजबाट पाएको उपेक्षा, हेला र तिरस्कारकै कारण आफ्नो सालनाल गाडेको पुर्ख्यौली थलो छोड्नु परेको मार्मिक सन्दर्भ यहाँ रहेको छ।

पौराणिक समयदेखि नै शासकहरूको मात्र इतिहास र साहित्य लेखिने तर उनीहरूलाई स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने दलित समुदायको कतै उल्लेखसम्म नहुनु उनीहरूमाथिको अन्याय र शोषण हो। यही सन्दर्भलाई शासकप्रति विद्रोही स्वर उठाउँदै छेलाङी यसो भन्छ :

अझै लेखिन बाँकी छ
त्यस युगका इन्जिनियर
प्रभात, वसु सुधन्वा
र और्वहरूको कथा !
मूल कुरो त
मेरै कथा लेखिन बाँकी छ
जहाँ यो आरनको बुढो छातीलाई जग बनाएर
तिमी सत्ता चलाइरहेछौ !
कसले लेख्ने हो यो कथा ?

यस उद्धरणमा पौराणिक समयदेखि नै दलितहरूमाथि अन्याय हुँदै आएको सन्दर्भ रहेको छ। दलित र गरिब वर्गको नाम भजाएर सत्ता चलाउने शासक वर्गप्रति आक्रोश र विद्रोहको स्वर यहाँ मुखरित भएको छ।

## २. समाजमा अछुत भनी गरिने विभेदको विरोध

नेपाली समाजमा पाइने दलित सन्दर्भहरू मध्ये छुत र अछुत भनी गरिने विभेदपूर्ण व्यावहार पनि एक हो। हिन्दू सनातन मान्यताको अपव्याख्या गर्ने चिन्तनको मारमा परेका दलित समुदायको मुक्तिको आवाज उल्लेखनीय रहेको छ। वैदिक समयमा जातपातको भेदभाव रहेको छैन। कालान्तरमा वर्णव्यवस्था खडा गरी मान्छेमान्छेमा विभेदका अनेक रेखा केरियो। खास गरी वर्णाश्रम व्यवस्थाले यस्तो खाडल जन्माउने काम ग¥यो। दलित सन्दर्भका कविताहरूमा हिन्दू वर्णव्यवस्थाले सिर्जना गरेका उँच निचको विभेदलाई कडा विरोध गरिएको हुन्छ। वर्णव्यवस्थामा रहेका ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी चार जात छन्। यी मध्ये हाम्रो समाजमा अछुत वा पानी नचल्ने जातका रूपमा शूद्रलाई लिने गरेको पाइन्छ। सामाजिक व्यावहारका क्रममा उनीहरूमाथि अनेक किसिमका विभेदपूर्ण दुव्र्यवहार हुने गरेको पाइन्छ। अग्नि महाकाव्यमा समाजमा प्रचलित आडम्बरी सोच र चिन्तनको मारमा परेका दलित समुदायको भोगाइका विविध सन्दर्भलाई देखाइएको छ। वेदमा सबै समान रहेको, छुत अछुतको धारणा नभएको तर पछिका व्याख्याताहरूले यसलाई गलत ढङ्गले व्याख्या गरी जटिल बनाएको सन्दर्भलाई काव्यमा यसरी प्रस्तुत गरिएको छ :

वेदले कहाँ भन्यो छुत, अछुत ?
कुन भगवान्ले कहिले भने
कसको घरमा आउँछु कसको घरमा आउन्न ?

कहिले भने कसको पूजा खान्छु कसको खान्न ?
को हो त्यो सुन्ने ? सप्रमाण लेख्नुस् ...
भगवान्लाई पनि बेलाबेला
मान्छे हुन लोभ लाग्छ ! मान्छे हुन मन लाग्छ भन्छन्  !
त्यही मान्छे अछुत कसरी हुन्छ ? लेख्नुस् । (पृ. १५)

यस उद्धरणमा हिन्दू वर्णाश्रम व्यवस्थाले समाजमा सिर्जना गरेको छुत र अछुतको धारणा अवैज्ञानिक रहेको सन्दर्भलाई देखाइएको छ । भगवान्ले बनाएको लोभलाग्दो मानव सृष्टिमा सबै समान हुनु पर्ने भन्दै आफूहरूलाई अछुत भनिएको र आफूहरूमाथि समाजले गर्ने विभेदपूर्ण व्यावहारको विरोध गरिएको छ । यसबाट दलित मुक्तिको चाहनालाई ध्वन्यार्थमा प्रस्तुत गरिएको छ ।

विगतमा समाजका माथिल्ला भनिएका जातबाट दलितहरूलाई मन्दिर प्रवेशमा रोक लगाइन्थ्यो । यस्तै धारामा पानी भर्न समेत नपाउने अवस्था थियो । यस किसिमका कुप्रथाका अवशेष समाजमा अझै पाइन्छन् । यस सन्दर्भलाई अग्नि  महाकाव्यमा यसरी उठाइएको छ :

मन्दिर बनाउने, देवी देउताको मूर्ति बनाउने
र तिनैको वस्त्र आभूषण बनाउनेका लागि
मन्दिर छेउको बाटो किन साँघुरो छ ? लेख्नुस् ...
धरधर धरधर झरेको ढुङ्गे धाराको पानीमा
सिलाबरे गाग्री बोकेर
फुत्त पसौँ कि नपसौँ ? लेख्नुस् । (पृ. ९)

यस उद्धरणमा हाम्रो समाजमा दलितहरू आफैले बनाएका पूर्वाधारको उपयोग गर्न नपाउने स्थितिलाई मार्मिक किसिमले चित्रण गरिएको छ । यस्ता विषयमा लेख्ने आँट गर्न कविलाई छेलाङीका माध्यमबाट चुनौती समेत दिइएको छ । इमानदारीपूर्वक कठिन कार्यहरू गरी उच्चवर्ग र समाजको हितमा काम गरे पनि दलित समुदायले सम्मान र जस नपाउने सन्दर्भलाई समेत यसमा देखाइएको छ । यससँगै समाजमा हुने जातीय छुवाछुतजन्य विभेदको अन्त्यका लागि आह्वान गरिएको छ ।

### ३. राष्ट्रनिर्माणमा दलित सहभागिताको सन्दर्भ

दलित सन्दर्भका उत्तरवर्ती नेपाली कवितामा राष्ट्रियता र राष्ट्रनिर्मार्णका सवालमा दलितहरूको योगदान उच्च रहे पनि त्यसको कतै पनि उल्लेख र उचित मूल्याङ्कन नभएको प्रति गुनासो र आक्रोश पोखेको पाइन्छ । मार्क्सका विचारमा साहित्य श्रमद्वारा निर्माण हुन्छ । साहित्यकारले भाग्यको होइन कर्मको गीत गाउन सिकाउनुपर्दछ (रिजाल, २०७०: पृ. १२) । मान्छे जुन समाजमा हुर्कन्छ उसले त्यस्तै साहित्य सिर्जना गर्दछ । हाम्रो समाजमा फलामका उत्कृष्ट हतियार बनाउन सक्ने क्षमता भएका विश्वकर्माहरू र तिनका आरन राज्यको नजरमा खासै पर्दैनन् । अग्नि  महाकाव्यमा राष्ट्रियताका सवालमा दलितहरूको योगदानको सन्दर्भलाई महत्त्वका साथ उठाइएको छ । मकवानपुरको राज्य सुरक्षाका लागि आवश्यक जेठी तरबार बनाउने सिप भएका मानिसको खोजी भयो तर त्यस्तो काम गर्ने आँट जो कसैमा भएन । सामान्य आरन गर्ने धेरैको नजरमा नपरेको ठुले कामीले आफूमा त्यो सिप भएको बताउँछ । ऊ राष्ट्रिय आवश्यकता बनेको विषयलाई पचहत्तर वर्षको वृद्ध ठुले कामीले सकी नसकी एकसय बीस धार्नी फलाम पिटेर राष्ट्रिय आवश्यकताको तरबार तयार गरेको कुरा महाकाव्यमा यसरी वर्णन गरिएको छ :

ठुलेले पिटे
उनकै जीवनजस्तो फलाम

तर उनले फलाम पिटे कि
फलामले उनलाई पिटेको हो हेक्का भएन :
थर्थराई रहेछ बूढो शरीर
र काँपिरहेछ रातो फलाम ठोक्कै गरेको हात !
आरनलाई आरनकै रूपमा
छालाको आँखाले मात्र हेरिन्थ्यो सायद
तर आज
यो आरन राष्ट्रिय आवश्यकता
र राजाको रोजाइ भएको छ ...

सेन दरबार यतिखेर
अग्नि पुराण लगाएजस्तो
तरबार राखेर साथमा
कर्ता स्वयम् विश्वकर्माजस्तो
ठुले कामीको रूपमा, ठुले कामीको स्वरूपमा ! (पृ. ९१)

ठुलेले राजाको आज्ञाअनुसार निकै समय र मिहिनत गरी तयार पारेको तरबार प्रदर्शन समारोहमा भने अपमान सहनुप¥यो । त्यति धेरै परिमाणको फलामबाट यति साना तरबार बनाएको भनी राजाले हेर्दै नहेरी फालिदिए । यति मात्र होइन ठुले राजाबाट प्रशंसाको सट्टा खप्कीको सिकार हुनुप¥यो । यो घटनाले आफ्नो स्वाभिमानमा परेको चोट र अपमानबोध गरी ठुले बिरामी परे । यही सन्तापले उनको ज्यानै लियो ।

हात्तीसारमा आगलागि हुँदा हात्तीका मोटा मोटा फलामे साङ्ला काट्न ठुलेकै जेठी तरबार काम लागेको तथा त्यही तरबार गोर्खा दरबारमा पुगेको र राज्य एकीकरणको महत्त्वपूर्ण हतियार बनेको सन्दर्भ पनि महाकाव्यमा आएको छ । यसबाट राष्ट्रनिर्माणमा दलित समुदायको महत्त्वपूर्ण भूमिका रहे पनि सत्तामा पुगेपछि शासकहरूले उनीहरूलाई भुल्ने गरेको तितो यथार्थको सङ्केत समेत काव्यमा गरिएको छ । दलितहरू जहाँ गए पनि शासकको सेवक बनेको कुरालाई छेलाङीले यसरी बताएका] छ :

हाम्रा पुर्खा आए
उनीहरू आफैले ल्याए
अनिकाल र सहकाल पनि
हाँस्दै आयौँ,
आरनका सामल र सपना बोकेर आयौँ,
आउन त राजाहरूसँगै आयौँ
भारी बोकेर आयौँ, युद्धको भ¥याङ बोकेर आयौँ
तर हामी आफैँ
भ¥याङ भएको कहिल्यै थाहा पाएनौँ । (पृ.१७२)

यस उद्धरणमा दलित समुदाय सधैँ शासकहरूलाई शासनमा पु¥याउने भ¥याङका रूपमा उपयोग गरिने यथार्थलाई उजागर गरिएको छ । यससँगै ध्वन्यार्थमा दलितको समाजिक प्रतिष्ठा, अस्तित्व र स्वाभिमानको खोजी गरिएको छ ।

## ४. दलितको जीवन सङ्घर्षको सन्दर्भ

दलित समुदायको जीवन भोगाइ अन्य समुदायको भन्दा कठिन रहेको देखिन्छ । समाजका कथित उच्चवर्गको हेला र हप्की दलित समुदायले पटकपटक सहँदै आएका छन् । यसले गर्दा दलित समुदाय सङ्घर्षपूर्ण जीवन जिउन बाध्य छन् । संविधानले सुरक्षित र व्यवस्थित गरेका आफ्ना हक र अधिकार स्थापना गर्न पनि दलित समुदायले ठुलो सङ्घर्ष गर्दै आएका छन् । आफूहरूमाथि भइरहेका अनेक किसिमका अन्याय र अत्याचारका विरुद्ध सशक्त सङ्घर्ष र आन्दोलन गर्नुपर्ने धारणा दलित सन्दर्भका साहित्यमा प्रबल रूपमा उठान गरिएको पाइन्छ । अग्नि महाकाव्यमा पनि दलित सङ्घर्षका विविध सन्दर्भहरू पाइन्छन् । छुवाछुतजन्य व्यवहारको कारण दलितको भान्सामा पाकेको उपल्लो जातका मानिसले नखाने हाम्रो समाजको प्रचलन भोग्दै आएको छेलाङीले आफ्नो आरनमा आएको कविलाई यसो भन्छन् :

चिया त खानुहुन्न होला यो आरनको ?
पानी नजिकै धारामा छ
गुन्द्रीले बिझायो होला
त्यति सफा छैन आँगन ।
गोलको काम गर्नेको
हातैभरि गोल, शरीरभरि गोल
सफा त मन छ च्यातेर देखाउन सकिँदैन
सके पनि दुनियाँले पहिल्यै अछुत बनाइसके । (पृ.४७)

यस उद्धरणमा आफ्नो घरमा आएका पाहुनालाई सत्कार गर्ने केही खुवाउने इच्छा भए पनि आफू अछुत भएका कारण पाहुनाले चिया खाँदैनन् भन्ने छेलाङीको भनाइबाट छुवाछुत प्रथाले जटिल बनेको दलित समुदायको दैनिक जीवनलाई स्पष्ट पारिएको छ । आरनको काम गर्ने हुनाले शरीर र हातैभरि गोलको फोहर लागेको वर्णनबाट उनीहरूको सङ्घर्षपूर्ण जीवन शैलीलाई देखाइएको पाइन्छ । यहाँ मन सफा रहे पनि दुनियाँले पहिले नै अछुत बनाइदिँदा उत्पन्न दलित समुदायको पीडा मार्मिक किसिमले प्रस्तुत गरिएको छ ।

दलित समुदायका कुनै युवायुवतीले उच्च जातका युवायुवतीसँग प्रेम गर्नु र विवाह गर्नुलाई समाजमा अपराध जसरी हेरिन्छ । दलित युवकले उच्च जातकी युवतीलाई प्रेम गरेमा वा विवाह गरेमा उसको जीवन नै सङ्कटमा परेका थुप्रै घटना रहेका छन् । यस महाकाव्यमा प्रमुख पात्र छेलाङीले ठकुरी परिवारकी जुनीमायासँग प्रेम र विवाह गरेको छ । अमर प्रेमलाई समाजमा स्थापित गर्न नसकेका उनीहरू समाजबाट भाग्नुपरेको छ । यसबाट उनीहरूको जीवन थप सङ्घर्षमय बनेको छ । प्रेम विवाहपछि मकवानपुरबाट भागेर उनीहरू कहिले हर्नामाडी त कहिले विजयपुर र चौदण्डी पुग्नुप¥यो । जहाँ पुगे पनि उनीहरू असुरक्षित नै रहेको प्रसङ्गलाई छेलाङीले यसरी उल्लेख गरेका छन् :

जुनी भन्थी
जीवन सजिलो छैन छेलाङी, हतार नगरौँ
तर जे पर्ला पर्ला भनेँ,
मसक्क आटेँ, गाउँ छोडेर डाँडै काटेँ सुटुक्क ! (पृ.१५२)

यसरी दलित भएकै कारण पवित्र प्रेमलाई लुकाएर वा भागेर जीवन बँचाउन बाध्य दलित समुदायको जीवनका कटु यथार्थलाई यहाँ देखाइएको छ । उच्च ठकुरी जातकी जुनीमायालाई प्रेम र विवाह गरेकै कारण आफूले जति पिटाइ खाए पनि अमर

प्रेमलाई बँचाइराखेको प्रसङ्गलाई छेलाङीले यसरी स्मरण गरेको छ :

प्रेममा पग्लेर
जीवन तरल भइरहेको त्यै बेला
दुईचार केटाहरू तर्सिंदै, उफ्रिँदै आए
तर जति कुटे कुटाए पनि यो ज्यान,
पिरतीको भित्री डोरी छिन्दो रहेनछ
त्यही डोरीले बाँधेर आज पनि
जुनीले र मैले
छेकी रहेछौँ यस जुनीका सबैसबै आँधीहुरी...(पृ.१५४)

दलित जीवनका यस्ता थुप्रै सङ्घर्षपूर्ण सन्दर्भहरूलाई अग्नि  महाकाव्यमा उठाइएको छ । यससँगै दलितहरूले पनि समाजमा सम्मानजनक हैसियत पाउनुपर्ने आवाजसमेत यसमा उठाइएको छ ।

## ५. सामाजिक असुरक्षा र बसाइँसराइको सन्दर्भ

समाजमा दलित समुदायमाथि उच्च जातबाट अनेक किसिमका हेला र दुव्र्य{वहार हुँदै आएको छ । जाति व्यवस्थामा अछुत भनिएका समुदायमाथि हुने यस्ता अपहेलना, असहिष्णुता र थिचोमिचो सहन नसकी आफ्नो पुख्र्यौ{ली थलो छाड्नु परेका अनेक दृष्टान्त छन् । दलित सन्दर्भको अध्ययनमा यस विषयलाई पनि महत्त्वका साथ हेरिन्छ । सामाजिक असुरक्षाकै कारण दलितले बसाइँ सर्नुपरेको सन्दर्भ महाकाव्यमा यसरी आएको छ :

हर्नामाडी फाँटमा थियौँ एक साँझ
गाउँलेहरूले देखेछन्, के के कुरा गरे
कसरी भनूँ खै? कि मारिनु पर्ने कि भाग्नु पर्ने !
दोस्रो बाटो रोज्यौँ ! (पृ.१५२)

दलित भएकै कारण उच्च जातकी जुनीसँग बिहे गरेकाले खतरामा परेको छेलाङीले जीवनको अस्तित्व बँचाउन बसाइँ सर्नुपरेको कुरा यहाँ देखाइएको छ । आफ्नो थलो छाड्दाको क्षण स्मरण गर्दै छेलाङी भन्छ :

एकएक पोल्टो प्रेम लिएर झ¥यौँ यता
अलिकति रिस र आवेगमै झ¥यौँ
हृदय मारेर झुक्नु थिएन कसैसँग
प्रतिकार कमजोर भएपछि पलायन भएका हौँ । पृ. १६५)

परम्परागत समाजमा अन्तर्जातीय विवाहले अझै मान्यता पाएको छैन । उच्च जातकाहरूसँग प्रेम सम्बन्ध गाँस्नु र आफ्नो प्रेमलाई साकार पार्नु दलितहरूका लागि निकै चुनौतीको विषय हो । छेलाङी समाजसँग हारेर प्रेमलाई तिलाञ्जलि दिनुभन्दा समाजबाटै पलायन हुन बाध्य भएको सन्दर्भ यहाँ रहेको छ ।

## ६. संस्कृति प्रतिष्ठाको सन्दर्भ

हरेक वर्ग र समुदायका लागि आफ्नो संस्कृतिमा गर्व लाग्छ । संस्कृतिसँगै स्वाभिमान पनि जोडिएको हुन्छ । दलित साहित्यको अध्ययनमा पनि सांस्कृतिक प्रतिष्ठाको सन्दर्भलाई महत्त्वका साथ हेरिन्छ । अग्नि  महाकाव्यमा आरनको काम गर्ने

विश्वकर्मा र आफ्नै कर्ममा विश्वास गर्ने अन्य दलित समुदायले आफ्नो संस्कृतिमा गर्व गरेका विविध सन्दर्भ पाइन्छन् । उच्च वर्गसँग दलितको सम्बन्ध अनादि कालदेखि नै ज्यादै नजिकको रहेको छ । समाजका उच्च वर्गका लागि आवश्यक पर्ने दैनिक जीवनका सामग्री दलितले निर्माण गर्ने गरेको कुरा कविसँग छेलाङीले महाकाव्यमा यसरी बताएका छन् :

कहाँ छैन तिम्रो मेरो सम्बन्ध ?
दैनिक जीवनसँग छ, संस्कृतिसँग छ
भावसँग छ, भूगोलसँग छ
आस्थासँग छ, विश्वाससँग छ
गतिसँग छ, गन्तव्यसँग छ
पूर्णतासँग छ, सम्पूर्णतासँग छ !
हेर त,
तिमीले गायत्री जपेर
रुद्राक्षको माला झुन्ड्याउने किला
मैले बनाएको हुँ । (पृ.३७)

यस उद्धरणमा जीवनको पूर्णताका लागि समाजमा उपल्लो जातका मानिसको जुन महत्त्व र हैसियत छ त्यस्तै महत्त्व दलितको पनि रहेको कुरा प्रस्तुत गरिएको छ । यससँगै दलितहरूमा पनि आफ्नो संस्कृतिप्रति उच्च सम्मान रहेको स्पष्ट हुन्छ । आफ्नो संस्कृति र स्वाभिमानलाई उच्च सम्मान गर्दै छेलाङी कविलाई आफ्नो परिचय यसरी दिन्छ :

म मै हुँ
धर्म, संस्कृति, पूजा र पद्धति हुँ
आस्था, श्रद्धा र परम्परा हुँ
लौकिक जीवनको कर्म हुँ
र परमार्थको परम ज्योति हुँ । (पृ. २३१)

यसबाट हिन्दू वर्णव्यवस्थामा आधारित समाजले आफूहरूलाई पछाडि पारे पनि दलितहरूका लागि आफ्नो संस्कृति तथा परम्पराप्रति उच्च श्रद्धा र आस्था रहेको हुन्छ । दलितहरूप्रति हेय भाव राख्ने उच्च वर्गकै पृष्ठमूमिबाट आएको कविलाई सम्बोधन गरी भनिएको छ :

यत्ति सम्झ कवि–
तिमी उभिने माटो तिमीलाई कसले दियो ?
कसले बाल्यो त्यही माटोमा झरिलो अग्नि ?
र यो पनि नबिर्स
तिम्रा पुर्खाले त्यही आरनको आगो लगेर
खरानीमा छोपेर राखेका हुन्
तिम्रो भान्साको बिउ आगो !
आरन बिटुलो छ भने
तिम्रो भान्सा पनि बिटुलियो यही आगोको स्पर्शले
साँच्चै भन अब तिम्रो भान्सा कसरी चोख्याउँछौ ? (पृ.२५४)

यस उद्धरणमा आरन र अग्नि कर्ममा रमाएर यसैलाई संस्कृति बनाएका विश्वकर्माहरूले नै आदि कालदेखि समाजमा चेतनाको दियो सल्काएको र उच्च जातका लागि पनि आगोको बिउ दिएको सन्दर्भ रहेको छ । यसबाट दलितको संस्कृति प्रतिष्ठाको विषयलाई उजागर गरिएको छ ।

आफ्नो श्रममा विश्वास गर्ने आफ्नै पाखुरीमा बाँच्ने दलित समुदायलाई अपहेलना होइन उच्च सम्मान गर्नुपर्ने भाव महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

जुत्ता सिएको कपडा सिएको
थिची खलाँती पसिना पिएको
गल्ती भयो के भन भद्र मान्छे
सगर्व आफ्नै श्रमले जिएको । (पृ.२७९)

यसरी अग्नि महाकाव्यमा दलित संस्कृति प्रतिष्ठाको सन्दर्भ विभिन्न प्रसङ्गबाट देखाइएको छ । काव्यको मुख पात्र छेलाङीका माध्यमबाट आफ्नो संस्कृतिको महिमा र महत्त्वका विषयमा खुलेर प्रशंसा गरिएको छ । महाकाव्यको सार हामीले जातलाई होइन कर्मलाई सम्मान गर्नुपर्दछ, कर्मशील व्यक्ति र समुदायको महिमा गाउनुपर्दछ भन्ने रहेको छ ।

### ७. नारीपीडा र बालबालिकाको सन्दर्भ

नेपाली दलित साहित्यमा दलित समुदायका जीवन भोगाइ र उच्चवर्गले गर्ने विभेदपूर्ण व्यवहारप्रति आक्रोश नै मुख्य रूपले अभिव्यक्त भएको पाइन्छ । दलित महिला, बालबालिका सिमान्तकृत समूहको समस्यालाई पनि केही मात्रामा उल्लेख गरिएको पाइन्छ । अग्नि महाकाव्यमा कविले जुनीमायाका माध्यमबाट महिलाको अवस्थालाई देखाएका छन् । दलित समुदायको छेलाङीसँग प्रेम र विवाह गरेकी जुनीमाया माइतीबाट टाढिएकी छे । माइतीले अस्वीकार गरेकी ऊ आफन्तका वचनवाण सुन्दासुन्दा हुक्क भएकी छे । उसको तिरस्कृत जीवन भोगाइ निकै मार्मिक रहेको छ । आफूहरूसँग केही समय सँगै बसेर बिदाइ

हुन लागेको कविलाई जुनीमाया भन्छे :
माइतीले नस्वीकारेकी चेली हुँ
आफन्तले वचन रोपेकी आफन्ती हुँ
समाजले तिरस्कार गरेकी नारी हुँ
राज्यले नहेरेको वर्ग हुँ
तर पनि बाँचेकै छु
मलाई मेरो प्रेमले उज्यालो दिएको छ
र आत्मविश्वासले बल दिएको छ
यही विश्वासको डोरी नछिने पुग्छ बाबु !

नभएको होइन
न्यास्रो पनि छ, विरक्ति पनि छ
अपमान पनि छ, घाउहरू पनि छन् ...(पृ.२५८)

यस काव्यांशमा दलितसँग विहे गरेकै कारण आफन्त र समाजबाट अस्वीकृत, तिरस्कृत हुनुपरेकी जुनीमायाको अवस्थालाई देखाइएको छ । यहाँ दलित महिलाका समस्या र पीडालाई उजागर गर्दै राज्यको आँखामा उनीहरू नपरेको तितो

यथार्थलाई समेत उद्घाटन गरिएको छ । आफूहरूमाथि भएको अपमान सहन नसकी गाउँ छाडेर बेसी झर्नु परेको अनि स्कुलमा भर्ना गरेका आफ्ना छोराछारीलाई के के भनेपछि आफूले हेडसरलाई मुद्दा हालिदिने धम्की दिएको कुरालाई जुनीमायाले यसरी बताएकी छे :

जहाँ सम्मान छैन त्यहाँ किन बस्नु
गाउँ छाडेर बेसी झर्ने निर्णय मैले गरेकी हुँ
चलाए त छेलाडीले घन पिटीपिटी चलाए
तर यहाँ आरन चलाउने निर्णय मैले गरेकी हुँस
छोराछोरी स्कुल पठाउने निर्णय मैले गरेकी हुँ
स्कुलमा छोरा छोरीलाई के के भनेछन्, झा]Fक चल्यो !
हेड सरलाई भेटेर मुद्दा हाल्दिऊँ मैले भनेकी हुँ
धेरैले मलाई छुची कमिनी भन्छन्
मलाई स्वीकार छ
म छुची हुँ, आत्मसम्मानका लागि छुचै हुन तयार छु बाबु ! (पृ. २६२)

यसरी दलित समुदायका नारीले आत्मसम्मान लागि अनेक चुनौतीको सामना गर्नु पर्ने सन्दर्भ यहाँ रहेको छ । आफ्नो अस्मिताका लागि बोल्दा समाजले दलित महिलालाई छुची भन्ने र अनेक दुःख दिने कुरा पनि यहाँ आएको छ । शिक्षाको पवित्र थलो विद्यालयमा शिक्षकहरूबाटै दलित बालबालिकालाई फरक व्यवहार गरिने कुराको सङ्केत समेत यहाँ गरिएको छ । यसबाट समाजमा दलित महिला र बालबालिकालाई हेय दृष्टिले हेरिने कुराको विरोध गरिएको छ ।

### ८. दलित हकअधिकार र मुक्तिको सन्दर्भ

नेपालको राजनीतिक परिवर्तनसँगै नेपाली कवितामा जनचाहनाहरू अभिव्यक्त भएका छन् । 'नेपाली कविता परम्परामा २०३५÷३६ को ऐतिहासिक जनसङ्घर्ष २०३७ को जनमत सङ्ग्रहको परिणामदेखि यताको सिङ्गै समय समसामयिक कालखण्ड हो' (पाण्डेय, २०७० : १३९) यो अवधि दलित सन्दर्भका कविता रचनाका हिसाबले महत्त्वपूर्ण र उपलब्धिमूलक रहेको छ । देशमा ठुला राजनीतिक परिवर्तनपछि पनि हरेक आन्दोलनमा सहभागी बनेका दलितहरूको अवस्था भने उस्तै छ । उनीहरूको योगदानको कदर हुन सकेको छैन । यही विषयलाई दलित सन्दर्भको अध्ययनमा महत्त्वका साथ हेर्नु आवश्यक हुन्छ । अग्नि महाकाव्यमा पनि दलित हकअधिकार र मुक्तिको विषयलाई उठाइएको छ । सधै शासक उच्च बन्ने र शासित चाहिँ केही पनि होइन भन्ने सोचको विरोध गर्दै उपसंहार खण्डमा भनिएको छ :

सधैँ सधैँ शासक उच्च बन्ने
बाँकी सबै शासित तुच्छ भन्ने
त्यस्मै बगेको भ्रमको समाज
किमार्थ स्वीकार हुँदैन आज । (पृ. २८२)

माथिको काव्यांशमा शोसित पीडित वर्गको हक अधिकारको खोजी गरिएको छ । शासक उच्च र शाशित निम्न हुन्छ भन्ने भ्रमबाट मुक्त हुनुपर्छ भन्दै दलित मुक्तिको आवाजलाई मुखरित गरिएको छ । दलितहरू आफ्नै देशमा पनि अधिकार विहीन अनागरिक जस्तो जीवन बिताउन विवश रहेको सन्दर्भलाई देखाउँदै छेलाडी यसो भन्छ :

छन त फोटै टाँसेको नागरिकता छ
र यही देशको नागरिक हुँ म
तर पनि खै किन–किन
मेरो होइन कि जस्तो लाग्छ मेरै देश पनि ! (पृ.२७)

देशले श्रमिक र दलित वर्गलाई नागरिकता दिए पनि नागरिकको आत्मीयता दिन नसकेको अवस्थालाई माथिको काव्यांशमा चित्रण गरिएको छ । आफू नागरिक भएर पनि आफ्नो देशले चिन्न नसकेकाले देश आफ्नो होइन कि जस्तो लाग्ने बिडम्बना यहाँ देखाइएको छ । यहाँ दलित अधिकारको खोजी गरिएको छ ।

## निष्कर्ष

हिन्दू वर्णाश्रम व्यवस्थाले ब्रहिमण, क्षेत्री, वैश्य र शूद्रजस्ता जात सृजना गरेको छ । समाजमा शूद्र जातिलाई तल्लो र अछुत भनिनु आफैमा अन्यायपूर्ण रहेको छ । यो कुरालाई दलित आन्दोलनमा उठान गर्दै जातीय छुवाछुतको विरोध गरिएको छ । अग्नि  महाकाव्य निम्नवर्गका छेलाङी र ठुले कामीजस्ता दलित पात्रलाई नायक बनाई लेखिएको छ । यसमा सृष्टिक्रमदेखि नै दलितहरूका कर्म महिमामय रहँदै आएको भए पनि दलितहरू समाजमा सधैँ अपहेलित र पीडित बन्दै आएको विषयलाई छेलाङीको माध्यमबाट प्रस्तुत गरिएको छ । मकवानपुरको सेनराज्यकालको समयगत परिवेशमा लेखिएको भए पनि यसमा सबै युगका दलित समुदायको जीवनभोगाइका विविध सन्दर्भलाई उठान गरिएको छ ।

समाजमा दलितमाथि हुने अनेक किसिमका शोषणलाई चित्रण गर्दै अग्नि महाकाव्यमा त्यसको विरोध गरिएको छ । यस काव्यमा निम्नवर्गका गरिब र दलितको उपयोग गरी शासन चलाउने तर आफ्नो सनकका भरमा शासितवर्गको उठीबास लगाउने शासक वर्गप्रति आक्रोश व्यक्त गरिएको छ । समाजमा स्थापित छुवाछुतजन्य रुढीवादी चिन्तनको मारमा परेका दलित समुदायको मार्मिक आवस्थाको चित्रण गर्दै यस काव्यमा दलित अधिकार र स्वाभिमानको खोजी गरिएको छ । राज्य एकीकरण, राष्ट्रनिर्माण र अन्य हरेक राष्ट्रिय विषयमा दलित सहभागिता रहे पनि त्यसको मूल्याङ्कन नभएको सन्दर्भलाई समेत यसमा देखाइएको छ । सामाजिक असुरक्षाकै कारण दलित समुदाय बाध्य भई बसाइँ सर्नुपरेका सन्दर्भहरूलाई पनि महाकाव्यमा महत्त्वका साथ उठाइएको छ । दलित संस्कृति प्रतिष्ठाका साथै दलित नारी र बालबालिकाका सवाललाई समेत यस महाकाव्यमा गम्भीर किसिमले प्रस्तुत गरिएको छ । आरन चलाई गुजारा गर्ने राज्यको नजरमा नपरेको दलित समुदायको छेलाङी पात्रलाई नायकका रूपमा स्थापित गरी दलित हक अधिकार प्राप्ति र दलित मुक्तिको चाहना राख्नु नै यस महाकाव्यको मर्म रहेको छ । आफ्नै देशले नचिन्ने हुँदा अनागरिकजस्तो असुरक्षित जीवन बिताउँदै आएका दलित समुदायको हक अधिकारको सुरक्षा र ब्राह्मणवादी सोंचबाट जकडिएको समाजबाट मुक्तिको आवाज बुलन्द गरिएकाले माक्र्सवादी सौन्दर्यशास्त्रका हिसाबले नवराज लम्सालको अग्नि  महाकाव्य उत्कृष्ट काव्यका रूपमा रहेको छ । नेपालमा समाजले दलित भनेको वर्गको अवाज बुलन्द गरिएको काव्य मानव अधिकार अझ दलित अधिकारका विषयमा लेखिएको सबल महाकाव्य बनेको छ ।

## कृतज्ञता ज्ञापन

प्रस्तुत लेख पढी उपयुक्त सुझाव एवम् पृष्ठपोषण दिएर यसलाई परिमार्जन गर्न सहयोग गर्नुहुने विज्ञज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्रीसूची


आहुति, (२०६७) नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष. ललितपुरः समता फाउन्डेसन ।

ओझा, रामनाथ. (२०७०). 'नेपाली भाषाको साहित्यमा दलित चेतना'. दलित सौन्दर्य बोध. सम्पा. राजेन्द्र महर्जन, ललितपुरः समता फाउन्डेसन. पृ. २३५–२६० ।

चापागाई, निनु. (२०६८) दलित सौन्दर्यशास्त्र र साहित्य. ललितपुरः साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७०) 'समसामयिक प्रगतिशील कवितामा दलित चेतना'. दलित सौन्दर्यबोध. सम्पा. राजेन्द्र महर्जन. ललितपुरः समता फाउन्डेसन पृ. १२७–१६२ ।

निरौला, फणिन्द्रराज (सन् २०१९). 'उत्तरवर्ती नेपाली कवितामा दलित सन्दर्भ'. प्रवासन.५-१ बेलायतः समकालीन साहित्य प्रतिष्ठान. पृ. १–१४ ।

निरौला, लेखप्रसाद (२०६०). 'समकालीन नेपाली कवितामा दलित चेतना'.कविता १०१. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान पृ.१०५–११८ ।

रिजाल, पुष्करनाथ, (२०७०). सङ्कलित समालोचना. बाँके : हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान ।

लम्साल, नवराज (२०७९. अग्नि (दो.सं.). काठमाडौँ : बुक हिल पब्लिकेसन प्रा.लि. ।

लाल, चमन (सन् २००५). दलित साहित्यः एक मूल्याङ्कन. दिल्लीः राजपाल एन्ड सन्स ।

विश्वकर्मा, पदमलाल र अन्य (२०६३). नेपाली दलित आन्दोलनको सङ्क्षिप्त इतिहास. काठमाडौँ : जनउत्थान प्रतिष्ठान ।

श्रेष्ठ, चन्द्रमान (२०८१). 'आफर कविता सङ्ग्रहमा दलित चेतना'. सरस्वती सदन. पूर्णाङ्क ९–१० काठमाडौँ पृ.५१–६४ ।

सुवाल, इरिशा. (२०६९) दलित लेखनको प्रवृत्ति, ललितपुर : समता फाउन्डेसन ।